**२०७६ साल जेठ ०१ गते बुधबारको दिन बसेको खिजीदेम्वा गाउँ कार्यपालिकाको त्रीचालिसौं बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्न बमोजिम छन् :**

१. आगामी आर्थिक वर्ष २०७६/०७७ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्वन्धमा तपशिल बमोजिमको समिति गठन गरी तपशिलको कार्ययोजना अनुसार कार्य प्रकृया अघि वढाउने ।

**१.१.** खिजीदेम्वा गाउँपालिका, ओखलढुंगाको राजश्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, परिमार्जन, आवश्यक परामर्श दिन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ एवं स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ बमोजिमको काम कर्तव्य र अधिकार हुने गरी देहाय बमोजिमको स्थानीय **राजश्व परामर्श समिति** गठन गर्ने,

| | |
|---|---|
| (क) गाउँपालिकाको उपाध्यक्ष श्री सुशिला तामाङ | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत श्री युबराज आचार्य | सदस्य |
| (ग) गाउँ कार्यपालिकाको सदस्य श्री कमल प्रसाद न्यौपाने | सदस्य |
| (घ) गाउँ कार्यपालिकाको सदस्य श्री ठंकमाया गौतम | सदस्य |
| (ङ) गाउँपालिकास्तरको उद्योग बाणिज्य सम्बन्धी संस्थाको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| (च) घरेलु तथा साना उद्योग विकास सम्बन्धी मान्यताप्राप्त संस्थाको गाउँपालिका तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधी | सदस्य |
| (छ) राजश्व शाखा/ इकाई प्रमुख श्री गंगादेवी श्रेष्ठ | सदस्य सचिव |

**१.२.** खिजीदेम्वा गाउँपालिका, ओखलढुंगाको आन्तरिक आय, राजश्व वाडफाँटबाट प्राप्त हुने रकम, अनुदान रकम, अनुदान ऋण र अन्य आयको प्रक्षेपण र सो को सन्तुलित वितरणको खाका तयार गर्ने, बार्षिक बजेटको सीमा निर्धारण गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ एवं स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ बमोजिमको काम कर्तव्य र अधिकार हुने गरी देहाय बमोजिमको **स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति** गठन गर्ने,

| | |
|---|---|
| (क) गाउँपालिकाको अध्यक्ष श्री वेद बहादुर रोका | संयोजक |
| (ख) गाउँपालिकाको उपाध्यक्ष श्री सुशिला तामाङ | सदस्य |
| (ग) गाउँ कार्यपालिकाको सदस्य श्री आङपसी शेर्पा | सदस्य |
| (घ) गाउँ कार्यपालिकाको सदस्य श्री रामकुमार सुनुवार | सदस्य |
| (ङ) गाउँ कार्यपालिकाको सदस्य श्री शोभा विश्वकर्मा | सदस्य |
| (च) गाउँ कार्यपालिकाको सदस्य श्री दोर्ची शेर्पा | सदस्य |
| (छ) प्रमुख प्रशासकीय अधिकृत श्री युबराज आचार्य | सदस्य सचिव |

**१.३.** खिजीदेम्वा गाउँपालिका, ओखलढुंगाको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रयोजनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ एवं स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ बमोजिमको काम कर्तव्य र अधिकार हुने गरी देहाय बमोजिमको **बजेट तथा कार्यक्रम तर्जुमा समिति** गठन गर्ने,

| | |
|---|---|
| (क) गाउँपालिकाको उपाध्यक्ष श्री सुशिला तामाङ | संयोजक |
| (ख) गाउँ कार्यपालिकाको सदस्य श्री कमल प्रसाद न्यौपाने | सदस्य |
| (ग) गाउँ कार्यपालिकाको सदस्य श्री सरोज कुमार सुनुवार | सदस्य |
| (घ) गाउँ कार्यपालिकाको सदस्य श्री भुपेन्द्र बहादुर बस्नेत | सदस्य |
| (ङ) गाउँ कार्यपालिकाको सदस्य श्री रामकुमार सुनुवार | सदस्य |
| (च) गाउँ कार्यपालिकाको सदस्य श्री आङकाजी शेर्पा | सदस्य |
| (छ) प्रमुख प्रशासकीय अधिकृत श्री युबराज आचार्य | सदस्य सचिव |

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

**१.४.** गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रयोजनको लागि विषय क्षेत्रगत योजना तथा कार्यक्रम तर्जुमाका सम्बन्धमा राय परामर्श दिन स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ बमोजिमको काम कर्तव्य र अधिकार हुने गरी देहाय बमोजिमको विषयगत समितिहरु गठन गर्ने,

**(क) आर्थिक विकास समितिः**

| | |
|---|---|
| वडाध्यक्ष श्री रामकुमार सुनुवार | संयोजक |
| कार्यपालिका सदस्य श्री सरोज कुमार सुनुवार | सदस्य |
| कार्यपालिका सदस्य श्री आङल्वामु शेर्पा | सदस्य |
| लेखा अधिकृत श्री गंगादेवी श्रेष्ठ | सदस्य सचिव |

**(ख) सामाजिक विकास समितिः**

| | |
|---|---|
| वडाध्यक्ष श्री सरोज कुमार सुनुवार | संयोजक |
| कार्यपालिका सदस्य श्री भुपेन्द्र बहादुर बस्नेत | सदस्य |
| कार्यपालिका सदस्य श्री ठंकमाया सुनुवार | सदस्य |
| स्वास्थ्य संयोजक श्री प्रदिप पौडेल | सदस्य सचिव |

**(ग) पूर्वाधार विकास समितिः**

| | |
|---|---|
| वडाध्यक्ष श्री भुपेन्द्र बहादुर बस्नेत | संयोजक |
| कार्यपालिका सदस्य श्री कमल प्रसाद न्यौपाने | सदस्य |
| कार्यपालिका सदस्य श्री आङपसी शेर्पा | सदस्य |
| इन्जिनियर श्री लाल बहादुर थापा | सदस्य सचिव |

**(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन समितिः**

| | |
|---|---|
| वडाध्यक्ष श्री आङकाजी शेर्पा | संयोजक |
| कार्यपालिका सदस्य श्री शोभा विश्वकर्मा | सदस्य |
| कार्यपालिका सदस्य श्री छत्र बहादुर तामाङ | सदस्य |
| कृषि प्राविधिक श्री विनोद ढकाल | सदस्य सचिव |

**(ङ) सुशासन तथा संस्थागत विकास समितिः**

| | |
|---|---|
| वडाध्यक्ष श्री कमल प्रसाद न्यौपाने | संयोजक |
| कार्यपालिका सदस्य श्री नगेन्द्र बहादुर बस्नेत | सदस्य |
| कार्यपालिका सदस्य श्री दुर्गादेवी सुनुवार | सदस्य |
| नायव सुब्बा श्री समिर लिम्वु | सदस्य सचिव |

**१.५. अनुगमन तथा सुपरिवेक्षण समितिः**

१.५.१. खिजीदेम्वा गाउँपालिकाबाट सञ्चालन हुने वा गाउँपालिकाबाट अनुगमन वा सुपरिवेक्षण हुने गरी गाउँपालिकाको क्षेत्रभित्र सञ्चालन भएका आयोजनाहरुको लागत, परिमाण, समय सीमा र गुणस्तरीयताको आधारमा अनुगमन गर्ने, खर्च सार्वजनीकरण गरे, नगरेको एकीन गरी प्रतिवेदन दिने प्रयोजनको लागि देहाय बमोजिमको गाउँपालिकास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्ने :

| | | |
|---|---|---|
| (क) | गाउँपालिकाको उपाध्यक्ष श्री सुशिला तामाङ | संयोजक |
| (ख) | कार्यपालिकाको सदस्य श्री ख्यामराज सुनुवार | सदस्य |
| (ग) | कार्यपालिकाको महिला सदस्य श्री ठंकमाया गौतम | सदस्य |
| (घ) | प्रमुख प्रशासकीय अधिकृत श्री युवराज आचार्य | सदस्य |
| (ङ) | योजना शाखाका प्रमुख प्रदिप पौडेल | सदस्य सचिव |

१.५.२. खिजीदेम्वा गाउँपालिकाबाट वडा भित्र सञ्चालन हुने आयोजनाहरुको लागत, परिमाण, समय सीमा र गुणस्तरीयताको आधारमा अनुगमन गर्ने, खर्च सार्वजनीकरण गरे नगरेको एकीन गरी प्रतिवेदन दिने प्रयोजनको लागि देहाय बमोजिमको वडास्तरीय अनुगमन समिति गठन गर्ने :

| | | |
|---|---|---|
| (क) | वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य | संयोजक |
| (ख) | वडा सदस्यहरु वढीमा २ जना | सदस्य |
| (ग) | वडा सचिव | सदस्य सचिव |

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

१.५.३. प्रकरण १.५.१ बमोजिमको समितिले गाउँपालिकाबाट सञ्चालन भएको पाँच लाख एक रुपैयाँ भन्दा बढी लागत अनुमान भएका आयोजनाहरुको कार्य सञ्चालनको क्रममा र सम्पन्न भएपछि कम्तिमा एक/एक पटक गाउँपालिकास्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिले अनुगमन गरी सो को प्रतिवेदन तीन दिनभित्र गाउँपालिकामा पेश गर्ने र उक्त प्रतिवेदन प्राप्त भए पछिमात्र सो को आधारमा आयोजनाको अन्तिम बिल भुक्तानी दिने । प्रकरण १.५.१ बमोजिमको समितिले आयोजनाको अनुगमन गर्दा अनुगमन टोलीमा गाउँपालिकाका प्राविधिक वा अन्य कर्मचारीसमेत संलग्न गर्न सक्नेछ । यसरी अनुगमनमा खटिए बापत अनुगमनमा खटिने पदाधिकारी वा कर्मचारीहरुले अनुगमनमा खटिएको दिनको खाना, खाजा खर्च वापत एकामुष्ट दैनिक रु. १,३००।- पाउने र प्रकरण १.५.२ बमोजिको वडास्तरीय अनुगमन समितिले आफ्नो वडाभित्रको आयोजनाको अनुगमन गर्दा अनुगमनमा खटिने पदाधिकारी वा कर्मचारीले खाना, खाजा खर्च वापत एकामुष्ट दैनिक रु. १,३००।- रकम पाउने व्यवस्था गर्ने ।
तर, यस्तो अनुगमन भत्ता प्रकरण १.५.१ बमोजिमको समितिले एक हप्तामा बढीमा ४ दिनसम्मको पाउने र प्रकरण १.५.२ वमोजिमको समितिले एक हप्तामा बढीमा २ दिनसम्मको पाउने ।

**१.६.** आगामी आर्थिक बर्षका लागि बार्षिक नीति तथा कार्यक्रम एवं राजश्व तथा व्ययको अनुमान (बजेट) तर्जुमा गर्ने प्रयोजनको लागि नेपाल सरकारद्धारा स्वीकृत स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ बमोजिमका योजना तर्जुमाका चरणहरु अवलम्बन गरी बार्षिक योजना तथा कार्यक्रम एवं बजेट तर्जुमाको कार्यलाई व्यवस्थित गर्न तपशिल बमोजिमको कार्यतालिका बनाई लागू गर्ने,

**<u>आ.ब. २०७६।०७७ को बार्षिक योजना तथा बजेट तर्जुमा कार्यतालिका</u>**

| क्र.सं. | मिति | क्रियाकलाप | अपेक्षित उपलब्धी |
|---|---|---|---|
| १ | २०७६।०२।०१ | • कार्यपालिका बैठक (१०:३० देखि १२:०० बजे) | |
| २ | | • राजश्व परामर्श समितिको बैठक (१७:१५ देखि १८:३०) | • करको विवरण संकलन<br>• चालु आ.ब. को राजश्व र खर्चको संशोधित अनुमान |
| ३ | २०७६।०२।०३ | • बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक -वडा अध्यक्ष सहित (१५:३० देखि १५:००) | • वडास्तरमा योजना छनौटको आधारहरु निर्धारण, कार्यतालिका निर्माण र सूचना प्रकाशन र प्रसारण |
| ४ | २०७६।०२।०५ | • राजश्व परामर्श समितिको प्रतिवेदन तयारी | • गाउँपालिकाको कर नीतिको प्रस्ताव<br>• प्रतिवेदनको अन्तिम मस्यौदा तयार |
| ५ | | • कार्यपालिकाको बैठक (१०:३० देखि ११:४५ बजे) | • राजश्व परामर्श समितिको प्रतिवेदन पेश<br>• राजश्व परामर्श समितिको प्रतिवेदन उपर छलफल |
| ६ | २०७६।०२।०७ | • स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठक (१७:१५ देखि १८:००) | • आन्तरिक आय, राजश्व बाडफाँटबाट प्राप्त हुने आय, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण<br>• कूल बजेटको सीमा र विषयगत क्षेत्रको सीमा निर्धारणका आधार तय |
| ७ | २०७६।०२।०९ | • स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठक (८:०० देखि १०:००) | • आगामी आ.ब.को बजेट, तथा कार्यक्रमको प्राथमिकता निर्धारण |

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | | • बजेटको तथा कार्यक्रमको मार्गदर्शन निर्धारणका आधार तय र आगामी आ.ब.को बजेटको कूल सीमा निर्धारण |
| ८ | २०७६।०२।१० | • स्थानीय स्तरमा कार्यरत गैसस सहकारी उभोस तथा सामाजिक एवं सामुदायिक संस्थहरुसँग योजना तर्जुमा सम्वन्धी छलफल | • व्यवहारिक आयोजना तथा कार्यक्रम तर्जुमा लागि |
| ९ | २०७६।०२।११ देखि १७ सम्म | • बस्ती तहका योजना छनौट | • बस्ती तहमा योजना छनौट बैठक सम्पन्न हुने |
| १० | २०७६।०२।१८ देखि २२ सम्म | • वडा तहमा योजना छनौट | • वडा तहमा आयोजना कार्यक्रमका प्राथमिकता निर्धारण र छनौट गरी वडागत विकास नीति तयार गरी कार्यपालिका समक्ष पेश गर्ने |
| ११ | २०७६।०२।२३ | • कार्यपालिकाको बैठक (१०:३० देखि ११:४५ बजे) | • वडागत विकास नीति माथि छलफल गरी वडागत विकास नीति तथा कार्यक्रम विषयगत समितिमा पठाउने |
| १२ | २०७६।०२।२४ देखि | • आर्थिक विकास समितिको बैठक (८:०० देखि १०:००) | • क्षेत्रगत योजना प्रस्तुती र सरोकारवालाहरुको सुझाव संकलन |
| १३ | २०७६।०२।२५ देखि | • पूर्वाधार विकास समितिको बैठक (८:०० देखि १०:००) | • क्षेत्रगत योजना प्रस्तुती र सरोकारवालाहरुको सुझाव संकलन |
| १४ | २०७६।०२।२४ देखि | • सामाजिक विकास समितिको बैठक (८:०० देखि १०:००) | • क्षेत्रगत योजना प्रस्तुती र सरोकारवालाहरुको सुझाव संकलन |
| १५ | २०७६।०२।२४ देखि | • वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको बैठक (८:०० देखि १०:००) | • क्षेत्रगत योजना प्रस्तुती र सरोकारवालाहरुको सुझाव संकलन |
| १६ | २०७६।०२।२५ देखि | • सुशासन तथा संस्थागत विकास समिति (८:०० देखि १०:००) | • क्षेत्रगत योजना प्रस्तुती र सरोकारवालाहरुको सुझाव संकलन |
| १७ | २०७६।०२।२८ | • गैसस तथा अन्य संघ संस्थासँग बैठक | • गैसस तथा अन्य संघ संस्थाबाट योजना तथा बजेट संकलन |
| १८ | २०७६।०२।२९ | • आर्थिक विकास समितिको बैठक (८:०० देखि १०:००) | • आर्थिक विकास समितिको प्रतिवेदन तयार |
| १९ | | • सुशासन तथा संस्थागत विकास समिति बैठक (१७:०० बजे देखि १८:३०) | • सुशासन तथा संस्थागत विकास समितिको प्रतिवेदन तयार |
| २० | २०७६।०२।३० | • सामाजिक विकास समितिको बैठक (१७:०० बजे देखि १८:३०) | • सामाजिक विकास समितिको प्रतिवेदन तयार |
| २१ | २०७६।०२।३१ | • वन, वातावरण तथा विपद् व्यवस्थापन समिति (८:०० देखि १०:००) | • वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको प्रतिवेदन तयार |
| २२ | | • पूर्वाधार विकास समितिको बैठक (१७:०० बजे देखि १८:०) | • पूर्वाधार विकास समितिको प्रतिवेदन तयार |
| २३ | २०७६।०३।०१ | • बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक (८:०० देखि १०:००) | • गाउँपालिका स्तरीय आयोजना कार्यक्रमको छनौट र आगामी आ.ब. को नीति तथा कार्यक्रमको मस्यौदा तयार गर्ने |
| | | • बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक (८:०० देखि १०:००) | • आर्थिक विधेयकको मस्यौदा तयार गर्ने |

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| २४ | २०७६।०२।०२ | | • विनियोजन विधेयकको मस्यौदा तयार गर्ने |
| २५ | २०७६।०३।३ | • कार्यपालिकाको बैठक (११:०० देखि १३:००) | • बार्षिक नीति तथा कार्यक्रम, अर्थ विधेयक र विनियोजन विधेयकको मस्यौदा उपर छलफल र स्वीकृति |
| २६ | २०७६।०३।५ | • गाउँ सभाको बैठक/बर्षे अधिवेशन प्रारम्भ (११:०० देखि १३:००) | • गाउँ सभामा अध्यक्षबाट बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत |
| २७ | २०७६।०३।६ | • बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक (८:०० देखि १०:००) | • प्राप्त योजनाहरुको प्राथमिकीकरण |
| २८ | २०७६।०३।७ | • बजेट तथा कार्यक्रम समितिको बैठक (१०:०० देखि १४:००) | • बजेटको प्रारम्भिक मस्यौदा तयार |
| २९ | २०७६।०३।०८ | • कार्यपालिकाको आर्थिक विकास समितिको बैठक (८:०० देखि १०:००) | • अर्थ विधेयक, विनियोजन विधेयक र बजेट उपर छलफल र राय सहित प्रतिवेदन तयार |
| ३० | | • कार्यपालिकाको विधेयक समितिको बैठक (१६:०० देखि १८:००) | • अर्थ विधेयक, विनियोजन विधेयक र बजेट उपर छलफल र राय सहित प्रतिवेदन तयार |
| ३१ | २०७६।०३।०९ | • कार्यपालिकाको बैठक (८:०० देखि १०:००) | • अर्थ विधेयक, विनियोजन विधेयक र बजेट उपर छलफल र गाउँ सभामा पेश गर्ने प्रस्ताव स्वीकृत |
| ३२ | २०७५।०३।१० | • गाउँसभाको बैठक (११:०० देखि १३:००) | • वार्षिक नीति तथा कार्यक्रम पारित गर्ने<br>• उपाध्यक्षद्वारा गाउँ सभामा अर्थ विधेयक, विनियोजन विधेयक र राजश्व र व्ययको अनुमान (बजेट) तथा बार्षिक कार्यक्रम प्रस्तुत |
| ३३ | २०७६।०३।१५ | • गाउँ सभाको बैठक (११:०० देखि १३:००) | • अर्थ विधेयक उपर दफावार छलफल र संशोधन गर्नुपर्ने भए सुझाव सहित कार्यपालिकामा फिर्ता पठाउने |
| ३४ | २०७६।०३।१७ | • कार्यपालिकाको बैठक ( अर्थ विधेयक गाउँ सभाबाट फिर्ता भएमा मात्र ) (११:०० देखि १३:००) | • अर्थ विधेयकमा संशोधन |
| ३५ | २०७६।०३।१८ | • गाउँ सभाको बैठक (११:०० देखि १३:००) | • विनियोजन विधेयक उपर दफावार छलफल र संशोधन गर्नुपर्ने भए सुझाव सहित कार्यपालिकामा फिर्ता पठाउने<br>• अर्थ विधेयक स्वीकृत |
| ३६ | २०७६।०३।२० | • कार्यपालिकाको बैठक ( विनियोजन विधेयक गाउँ सभाबाट फिर्ता भएमा मात्र ) (११:०० देखि १३:००) | • विनियोजन विधेयकमा संशोधन |
| ३७ | २०७६।०३।२२ र २३ | • गाउँ सभाको बैठक (११:०० देखि ) | • राजश्व र व्ययको अनुमान (बजेट) तथा बार्षिक कार्यक्रम उपर छलफल संशोधन गर्नुपर्ने भए सुझाव सहित कार्यपालिकामा फिर्ता पठाउने<br>• विनियोजन विधेयक स्वीकृत |
| ३८ | २०७६।०३।२५ | • कार्यपालिकाको बैठक ( राजश्व र व्ययको अनुमान (बजेट) | • राजश्व र व्ययको अनुमान (बजेट) |

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | गाउँ सभाबाट फिर्ता भएमा मात्र ) (११:०० देखि १३:००) | संशोधन |
| ३९ | २०७६।०३।२६ | • गाउँ सभाको बैठक (११:०० देखि ) | • राजश्व र व्ययको अनुमान (बजेट) स्वीकृत |

**१.७.** बार्षिक योजना तथा बजेट तर्जुमा सम्बन्धी प्रकरण १.६ मा उल्लिखित कार्यतालिका बमोजिम सबै विषयगत समितिको बैठकमा सम्बन्धित विषयगत क्षेत्रका योजनाहरु प्रस्तुत गर्न विषयगत शाखा वा कार्यालयहरुलाई निर्देशन गर्ने र उक्त बैठकमा सरोकारवालाहरुको सुझाव संकलनका लागि सरोकारवाला संस्था वा निकायलाई सम्बन्धित विषयगत समितिले निमन्त्रणा गर्ने,

**१.८.** बार्षिक योजना तथा बजेट तर्जुमा गर्दा कार्यालयको नियमित कार्य,चालू आर्थिक बर्षको योजनाको फरफारक तथा भुक्तानी गर्नुपर्ने नियमित कार्यका अतिरिक्त विभिन्न तथ्यांकहरुको संकलन, व्यवस्थापन, योजनाहरुको विवरण संकलन, व्यवस्थापन गर्ने, प्रतिवेदन तयार गर्नुपर्ने र विधायिकी मस्यौदा तयार गर्ने जस्ता थप कार्य बोझ पर्ने भएकोले कार्यालय समय भन्दा अतिरिक्त समयमा समेत कर्मचारी खटाउनु पर्ने भएको हुँदा प्रकरण १.६ बमोजिमको कार्यतालिका अनुसार मिति २०७६।०२।०१ देखि २०७६।०३।२५ सम्म प्रमुख प्रशासकीय अधिकृतले बढीमा ८ (आठ) जना कर्मचारीहरुलाई दैनिक ४ घण्टा अतिरिक्त समय खटाउन सक्नेछ । यसरी अतिरिक्त समय काममा खटाउँदा कार्यबोझ भएको दिनमा आवश्यक पर्ने संख्यामा मात्र कर्मचारी खटाउनुपर्नेछ । र, अतिरिक्त समय काममा खटिए बापत खाना खाजा खर्च वापत अधिकृतस्तरको कर्मचारीलाई विहान ३०० र वेलुका ३००, रजपत्र अनंकित तथा सहायकस्तरको कर्मचारीलाई विहान २५० र वेलुका २५० र श्रेणीविहीन कर्मचारीलाई विहान २२५ र वेलुका २२५ दरले कन्टिन्जेन्सी शीर्षकबाट उपलब्ध गराउने ।

**१.९.** आगामी आर्थिक बर्षका लागि बार्षिक नीति तथा कार्यक्रम एवं राजश्व तथा व्ययको अनुमान ( बजेट) तर्जुमा गर्ने प्रयोजनको लागि गठित समितिहरुको प्रतिवेदन तयारीका लागि प्रत्येक समितिलाई रु. २,०००।- (दुई हजार) खर्च बापतको रकम उपलब्ध गराउने ।

**१.१०.** गाउँसभाको बैठकमा कार्यपालिकाको तर्फबाट आगामी आर्थिक बर्षको राजस्व तथा व्ययको अनुमान (बजेट) प्रस्तुत गर्ने पदाधिकारीलाई रु. १५,०००।- (पन्ध्र हजार) भत्ता उपलब्ध गराउने र सम्भव भएसम्म उक्त कार्यक्रमको एफ.एम. तथा टेलिभिजनबाट प्रत्यक्ष प्रशासरण गर्ने व्यवस्था मिलाउने ।

**१.११.** प्रकरण १.६ बमोजिमको कार्यतालिका बमोजिम बस्तिस्तरमा योजना छनौटको लागि बस्तीस्तरीय भेला गराउने र सर्वसाधारणको जानकारीका लागि सो को सूचना अग्रिम रुपमा एफ.एम.हरुबाट प्रसारणको व्यवस्था मिलाउने ।

२. खिजीदेम्वा गाउँपालिकाको सीमा क्षेत्रमा रहेको लिखु खोलाको प्रारम्भिक वातावरणीय परीक्षण गर्न आवश्यक रु ४,००,०००। (चार लाख मात्र) आगामी गाउँ सभाबाट अनुमोदन गर्ने गरी चालु आर्थिक वर्षको वार्षिक बजेट पुस्तिकाको सि.नं. १५ को “समपुरक जोड कोष” शीर्षकबाट भुक्तानी दिने ।

३. प्रस्ताव नं. ३ को सन्दर्भमा आगामी बैठकमा छलफल गर्ने ।

४. खिजीदेम्वा गाउँपालिकाको भौतिक पूर्वाधार क्षेत्रको विकासको सन्दर्भमा फिल्डमा खटिने अधिकृतस्तरको प्राविधिक (इन्जिनियर) लाई मासिक १३,०००। र अन्य प्राविधिक कर्मचारीलाई मासिक ९,०००। कन्टिन्जेन्सी शीर्षकवाट भुक्तानी हुनेगरी चालु आर्थिक वर्षको फाल्गुण महिनादेखि आषाढ मसान्तसम्म उपलब्ध गराउने ।

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।**

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत